**(१०) तल दिएका नदी र तिनका पौराणिक नामहरूबीच आपसमा जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| (१) टुकुचा | (अ) मणिमति |
| (२) भिमरुक | (आ) सुर्यवती |
| (३) मनोहरा | (इ) धर्मावती |
| (४) तादी | (ई) इच्छुमती |

**विकल्पहरू :** (क) १-ई, २-इ ३-अ, ४-आ (ख) १-ई, २-अ ३-आ, ४-इ
(ग) १-ई, २-इ ३-आ, ४-अ (घ) १-इ, २-ई ३-अ, ४-आ

**(११) कति उचाईसम्म उपोष्ण हावापानी/उष्ण मनसुनी हावापानी पाइन्छ ?**

(क) ११०० मिटर (ख) १२०० मिटर (ग) १३०० मिटर (घ) १४०० मिटर

**(१२) उपोष्ण हावापानी वा उष्ण मनसुनी हावापानी भएको क्षेत्रमा कति डिग्री सेन्टिग्रेड तापक्रम हुन्छ ?**

(क) १५° सेण्टिग्रेडदेखि ३०° सेण्टिग्रेड (ख) १५° सेण्टिग्रेडदेखि ३५° सेण्टिग्रेड
(ग) १५° सेण्टिग्रेडदेखि ४०° सेण्टिग्रेड (घ) १५° सेण्टिग्रेडदेखि ४२° सेण्टिग्रेड

**(१३) तल दिएका नदी र तिनका पौराणिक नामहरूबीच आपसमा जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| (१) बुढी गण्डकी | (अ) पञ्चेश्वर |
| (२) कर्णाली | (आ) यशोधरा |
| (३) दरौदी | (इ) महाप्रभा/फुङचु |
| (४) अरुण | (ई) विश्वधारा |

**विकल्पहरू:** (क) १-आ, २-अ ३-इ, ४-ई (ख) १-आ, २-अ ३-ई, ४-इ
(ग) १-ई, २-इ ३-आ, ४-अ (घ) १-इ, २-ई ३-अ, ४-आ

**(१४) स्लेट पाइने नेपालको कुन ठाउँ हो ?**

(क) गोदावरी, भैसे (ख) बन्दीपुर, लुम्बिनी (ग) इलाम, मार्फु (घ) दामन, फूलचोकी

**(१५) १ सेण्टिमिटर उचाई भएको माटो बन्न कति वर्ष लाग्छ ?**

(क) १०० देखि २०० वर्ष (ख) १०० देखि ३०० वर्ष
(ग) १०० देखि ४०० वर्ष (घ) १०० देखि ५०० वर्ष

**(१६) निम्न नदी किनारा स्थित शहरहरू सम्बन्धी जोडा सही छन्/छैनन् ? पत्ता लगाउनुहोस्।**

(A) पोखरा – सेती
(B) धनगढी – मोहना
(C) गाइघाट – त्रियुगा
(D) बारा – रतुवा

**विकल्पहरू:** (१)A, B ठीक (२) A, B, C ठीक (३) सवै ठीक (४) D वाहेक सबै ठीक

**(१७) तलका भनाईहरू कुन कुन ठीक र कुन कुन बेठीक छन् ?**

(क) वनस्पतिले उत्सर्जन गर्ने ग्याँस अक्सिजन हो ।

(ख) वनस्पतिले ग्रहण गर्ने ग्याँस कार्वन डाई अक्साइड हो ।

(ग) नेपालको वनस्पतिलाई ५ प्रकारमा वर्गीकरण गरिएको छ ।

(घ) समुन्द्री सतहबाट ५९ देखि १,२०० मिटरसम्मको उचाइमा उष्ण प्रदेशीय सदाबहार जंगल पर्छ ।

Question Bank Nepal

**विकल्पहरूः** (१) क र ग ठीक (२) क, ख, घ ठीक (३) ख बाहेक सबै ठीक (४) सबै ठीक

**(१८) उष्ण प्रदेशीय सदाबहार जंगल तलका कुन क्षेत्रमा पाइन्छ ?**

(क) तल्लो तराई (ख) भावर, दून (ग) चुरे पर्वत (घ) माथिका सबै

**(१९) समुन्द्री सतहबाट १,२०० देखि २,१०० मिटरसम्मको क्षेत्रमा पाइने वनस्पति कुन हो ?**

(क) समशितोष्ण पतझड वनस्पति (ख) समशितोष्ण कोणधारी वनस्पति

(ग) लेकाली वनस्पति (घ) टुण्ड्रा वनस्पति

**(२०) तलका वाक्यहरूमा रहेका खाली ठाउँमा सही शब्दहरू भएको समूह छान्नुहोस्**

चुरे पहाडको माथिल्लो भाग र महाभारत पर्वतको तल्लो क्षेत्रमा........पाइन्छ । समुन्द्री सतहवाट करिब २,१०० मिटरदेखि ३,३०० मिटरको उचाइमा पाइने वनस्पति........हो । हिउँ नअड्ने भिरालो ठाउँमा लेउ र भ्याउ मात्र पाइने वनस्पतिलाई ........पनि भनिन्छ ।

**विकल्पहरूः** (क) सदावहार, समशितोष्ण पतझड, समशितोष्ण कोणधारी

(ख) समशितोष्ण पतझड जंगल, समशीतोष्ण कोणधारी, हिमाली वनस्पति

(ग) समशितोष्ण कोणधारी, समशितोष्ण पतझड, हिमाली वनस्पति

(घ) समशितोष्ण पतझड जंगल, समशीतोष्ण कोणधारी, लेकाली वनस्पति

**(२१) टुण्ड्रा वनस्पति समुन्द्री सतहबाट कति मिटरभन्दा माथि पाइन्छ ?**

(क) ३५,००० मि. (ख) ४५,००० मि. (ग) ५,००० मि. (घ) ५५,००० मि.

**(२२) टुण्ड्रा वनस्पतिलाई के पनि भनिन्छ ?**

(क) हिम मरुस्थलीय वनस्पति (ख) शीत मरुभूमि वनस्पति

(ग) हिमाली वनस्पति (घ) माथिका सबै

**(२३) टुण्ड्रा वनस्पतिमा पाइने वनस्पतिहरू के के हुन् ?**

(क) खस्रु, धुपी, लेउ, भ्याउ (ख) देवदार, लेउ, भ्याउ, धूपी

(ग) लेउ र भ्याउ (घ) लेउ र भ्याउ, देवदार

**(२४) निम्न नदी किनारा स्थित शहरहरू सम्वन्धी जोडा मिलाउनुहोस् ।**

(A) विदुर – त्रिशुली

(B) देवीघाट – तादी

(C) बेंशीशहर – मर्स्याङ्दी

(D) बुटवल – तिनाउ

**विकल्पहरूः** (१) C, B ठीक (२) B, D ठीक (३) सबै ठीक (४) A बाहेक सबै ठीक

**(२५) लेकाली वनस्पति समुन्द्री सतहबाट कति मिटरको उचाईमा पाइन्छ ?**

(क) ३,२०० देखि ५,००० मिटरसम्म (ख) ३,३०० देखि ५,००० मिटरसम्म

(ग) ३,१०० देखि ५,००० मिटरसम्म (घ) ३,५०० देखि ५,००० मिटरसम्म

**(२६) लेकाली जंगलमा कस्तो वनस्पति पाइन्छ ?**

(क) कोणधारी रुखहरु (ख) घना वनस्पति

(ग) लेउ र भ्याउ (घ) पोथ्रा र झाडी

Question Bank Nepal

**(२७) लेकाली जंगलका सम्वन्धमा तलका भनाईहरू कस्ता हुन् ?**

(क) यस्तो जंगलमा ठूला र अग्ला रुख हुँदैनन् ।

(ख) करिब ३,६०० मिटरसम्मको उचाइमा धुपी, देवदारु, गुराँस, ओखर, निगालो, खसु जस्ता वनस्पति पाइन्छन् ।

(ग) ३,६०० मिटरभन्दा माथि घाँसका अग्ला फाँटहरुमा बुकी फूल, जडीवुटी पाइन्छ ।

(घ) यस प्रकारको जंगलमा पशु चरणका लागि उपयुक्त फाँटहरु पाइन्छन् ।

**विकल्पहरू**

(१) ख र ग ठीक (२) ग, ख, घ ठीक (३) सबै ठीक (४) क वाहेक ठीक

**(२८) कुन नदीले आपनो बाटो बदल्दा रारा तालको निर्माण भएको हो ?**

(क) बुढी गण्डकी (ख) मुगु कर्णाली (ग) ठूली भेरी (घ) सानी भेरी

**(२९) फोक्सुण्डो ताल बारे तलका भनाईहरू अध्ययन गरी ठीक, बेठीक पत्ता लगाउनुहोस् ।**

(क) कर्णाली अञ्चलको डोल्पा जिल्लामा अवस्थित छ ।

(ख) रिग्म गाउँमा पर्ने हुनाले रिग्म ताल पनि भनिन्छ ।

(ग) नेपालको सवैभन्दा गहिरो ताल हो ।

(घ) फोक्सो आकारको भएकाले फोक्सुण्डो ताल भनिएको हो ।

**विकल्पहरू**

(१) क र ख ठीक (२) क, ख, घ ठीक (३) सबै ठीक (४) घ बाहेक ठीक

**(३०) फोक्सुण्डो तालबाट निस्केर बन्ने ३०० मिटरको झरनाको नाम के हो ?**

(क) सुलिगाँड (ख) छाल्चा (ग) सुलिगाँड, छाल्चा (घ) कुनै पनि होइन

**(३१) तलका वाक्यहरू मध्ये कुन वाक्य सही होइन ?**

(क) पाँगो माटोमा जैविक पदार्थको मात्रा बढी हुन्छ ।

(ख) कृपिका लागि पाँगो, तलैया र रातो फुस्रो माटो उपयुक्त मानिन्छ ।

(ग) तराई क्षेत्र र वेशीहरुमा पाँगो माटो पाइन्छ ।

(घ) पाँगो माटोका ३ प्रकारहरु हुन्छन्

**(३२) तलका खाली ठाउँमा सही वाक्यहरूको कुन समूह ठीक होला ?**

हिले पाँगो र चिस्ट्याइलो पाँगो माटो नेपालको ..........मा पाइन्छ भने बलौटे पाँगो माटो......मा पाइन्छ । बलौटे पत्थरिलो माटो....., दुन, भित्री मधेश, चुरे पहाडमा पाइन्छ ।

**विकल्पहरु**

(क) पूर्वी तराई, पश्चिमी तराई, भावर प्रदेश (ख) पश्चिमी तराई, पूर्वी तराई, भावर

(ग) भावर प्रदेश, पूर्वी तराई, पश्चिमी तराई (घ) पूर्वी तराई, भावर प्रदेश, पश्चिमी तराई

**(३३) बलौटे पत्थरिलो माटोमा कस्ता बोटबिरूवाहरू सप्रन्छन् ?**

(क) साल, कटुस, खयर, सल्लो (ख) सिसौ, खयर, साल

(ग) चिलाउने, धुपी, खयर, निवारो (घ) खयर, सिसौ, खसु, खन्यू

Question Bank Nepal

**(३४) तलका दुई समूहबीच जोडा मिलाई सही विकल्प छान्नुहोस् ।**

| **समूह I** | | **समूह II** |
|---|---|---|
| (A) ताल सुकेर बनेको माटो | – | तलैया माटो |
| (B) तलैया माटोको रङ्ग | – | कालो हुन्छ |
| (C) चट्टान टुक्रिएर बनेको माटो | – | रातो फुस्रो माटो |
| (D) रातो फुस्रो माटोमा | – | चुन, फस्फोरस, नाइट्रोजन, फलाम जस्ता खनिज तत्व वढी पाइन्छ । |

**विकल्पहरू:** (१) A, B ठीक (२) A, B, C ठीक (३) सवै ठीक(४) B बाहेक सवै ठीक

**(३५) कस्तो माटोलाई हिमाली माटो भनिन्छ ?**

(क) हिमाली प्रदेशमा पाइने माटो (ख) हिमाली क्षेत्रका तालहरु सुकेर बन्ने माटो
(ग) हिमनदीको बाटोमा पाइने माटो (घ) हिमनदीले थुपारेको पदार्थवाट वनेको माटो

**(३६) नेपालका नदीहरूले बगाएर लगेको माटोबाट बंगालको खाडीमा बनिरहेको टापुको नाम के हो ?**

(क) न्यूमुरे टापु (ख) नेपाल टापू (ग) आइल्याण्ड अफ नेपाल (घ) टिकीटाका टापू

**(३७) नेपालमा पाइने माटोका ५ प्रकारहरू के के हुन् ?**

(क) पाँगो, बलौटे पत्थरिलो, तलैया, रातो फुस्रो र हिमाली माटो
(ख) पाँगो, पत्थरिलो, तलैया, चिम्ट्याइलो र हिमाली माटो
(ग) पाँगो, चिम्ट्याइलो, तलैया, रातो फुस्रो र हिमाली माटो
(घ) पाँगो, बलौटे पत्थरिलो, तलैया, रातो फुस्रो र चिम्ट्याइलो माटो

**(३८) तलको खाली ठाउँमा मिल्दा शब्दहरूको समूह छानी राख्नुहोस् ।**

फोक्सुण्डो तालको.....किलोमिटर लम्बाई,.....किलोमिटर चौडाई र......मिटर गहिराई छ ।

**(A)** १.६, ४.८, ६५० **(B)** ४.८, ६५०, १.६ **(C)** ४.८, २.६, ६५० **(D)** ४.८, १.६, ६५

**(३९) तलका दुई समूहबीच जोडा मिलाई सही विकल्प छान्नुहोस्**

| **समूह I** | **समूह II** |
|---|---|
| (१) निर्जिव ताल | (अ) च्छोरोल्पा ताल |
| (२) नेपालको दोस्रो ठूलो ताल | (आ) घोडाघोडी ताल |
| (३) ४,५८० मिटरको उचाइमा अवस्थित | (इ) फोक्सुण्डो ताल |
| (४) विश्व सिमसार सूचीमा सूचीकरण | (ई) फेवा ताल |

**विकल्पहरू:** (क) १-ई, २-इ, ३-अ, ४-आ (ख) १-इ, २-ई, ३-अ, ४-आ
(ग) १-ई, २-इ, ३-आ, ४-अ (घ) १-इ, २-ई, ३-अ, ४-आ

**(४०) फेवा तालको सम्वन्धमा तलको कुन कुरा होइन ?**

(क) फेवाताललाई बैदाम ताल पनि भनिन्छ ।
(ख) फेवा तालको बीचमा बाराही मन्दिर रहेकोले वराहा ताल पनि भनिन्छ ।
(ग) फेवा तालको ३.८ किलोमिटर लम्वाइ र १.५ किलोमिटर चौडाई छ ।
(घ) कास्कीको पोखरामा अवस्थित यो ताल नेपालकै सबैभन्दा फराकिलो ताल हो ।

**विकल्पहरू** : (१) क र ग ठीक (२) क, ख ठीक (३) ग र घ ठीक (४) सबै ठीक

Question Bank Nepal

(४१) च्छो रोल्पा हिमताल नेपालको कुन जिल्लाको कुन गा.वि.स.मा पर्दछ ?
(क) दोलखा, गौरिशंकर (ख) दोलखा, लामावगर
(ग) रसुवा, नाम्दु (घ) मुगु, डोल्पो

(४२) विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको च्छो रोल्पा हिमताल समुन्द्री सतहबाट कति मिटरको उचाईमा अवस्थित छ ?
(क) ४,६५० मिटर (ख) ४,४८० मिटर (ग) ४,२८० मिटर (घ) ४,५८० मिटर

(४३) नेपालमा माटोको संस्थागत संरक्षणको प्रयास कति सालदेखि हुन थालेको हो ?
(क) वि.सं. २००० (ख) वि.सं. २००२ (ग) वि.सं. २०२० (घ) वि.सं. २०२२

(४४) गन्धक पाइने नेपालको कुन ठाउँ हो ?
(क) पालुङ, गोरखा, डडेल्धुरा (ख) बाग्लुङ, चिसापानीगढी, फूलचोकी
(ग) सिन्धुपाल्चोक, पाल्पा (घ) गोसाइकुण्ड, चिसापानीगढी, बराहक्षेत्र

(४५) महालंगूर हिमशृंखलामा पर्ने ७,५८१ मिटर अग्लो शान्ति पिक कुन जिल्लामा पर्दछ ?
(क) दोलखा (ख) सोलुखुम्वु (ग) संखुवासभा (घ) ताप्लेजुङ

(४६) न्यानो समशीतोष्ण हावापानी/उष्ण प्रदेशीय समशीतोष्ण हावापानी नेपालको कति उचाईसम्म पाइन्छ ?
(क) ५९ मिटरदेखि ६०० मिटरसम्म (ख) २,१०० मिटरदेखि ३,३०० मिटरसम्म
(ग) १,२०० मिटरदेखि २,१०० मि.सम्म (घ) ६०० मीटरदेखि २,२०० मि. सम्म

(४७) करिब २,१०० मिटरदेखि ३,३०० मिटरसम्मको उचाईमा पाइने हावापानी कुन हो ?
(क) लेकाली हावापानी (ख) शीतोष्ण हावापानी/ठण्डा समशीतोष्ण हावापानी
(ग) न्यानो समशितोष्ण हावापानी (घ) उष्ण मनसुनी हावापानी

(४८) तल दिएका नदी र तिनका पौराणिक नामहरुबीच आपसमा जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| (१) टुकुचा | (अ) मणिमति |
| (२) झिमरुक | (आ) सुर्यवती |
| (३) मनोहरा | (इ) धर्मावती |
| (४) तादी | (ई) इच्छुमती |

विकल्पहरू: (क) १-ई, २-इ, ३-अ, ४-आ (ख) १-ई, २-अ, ३-आ, ४-इ
(ग) १-ई, २-इ, ३-आ, ४-अ (घ) १-इ, २-ई, ३-अ, ४-आ

(४९) तल दिएका झरना र अवस्थित जिल्लाहरूबीच आपसमा जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| (१) पुरन्धारा झरना | (अ) तेह्रथुम |
| (२) सुलिगाँड झरना | (आ) दाङ |
| (३) खुवा झरना | (इ) डोल्पा |
| (४) ह्यातुङ | (ई) उदयपुर |

विकल्पहरू: (क) १-आ, २-अ ३-इ, ४-ई (ख) १-आ, २-अ ३-ई, ४-इ
(ग) १-आ, २-इ ३-ई, ४-अ (घ) १-आ, २-ई ३-अ, ४-आ

(५०) नेपालको सबैभन्दा ठूलो हिमताल कुन हो ?
(क) रिग्म ताल (ख) टिपताला ताल (ग) च्छो रोल्पा (घ) नाम्दुरिम हिमताल

Question Bank Nepal

## नमूना प्रश्न सेट नं. ९ का उत्तरहरु

| प्रश्न | उत्तर | प्रश्न | उत्तर | प्रश्न | उत्तर | प्रश्न | उत्तर | प्रश्न | उत्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | (घ) | ११ | (ख) | २१ | (ग) | ३१ | (ख) | ४१ | (क) |
| २ | (४) | १२ | (ग) | २२ | (घ) | ३२ | (क) | ४२ | (घ) |
| ३ | (घ) | १३ | (ख) | २३ | (ग) | ३३ | (ख) | ४३ | (ख) |
| ४ | (घ) | १४ | (ख) | २४ | (३) | ३४ | (२) | ४४ | (घ) |
| ५ | (ग) | १५ | (ग) | २५ | (ख) | ३५ | (घ) | ४५ | (ख) |
| ६ | (क) | १६ | (४) | २६ | (घ) | ३६ | (क) | ४६ | (ग) |
| ७ | (ख) | १७ | (४) | २७ | (३) | ३७ | (क) | ४७ | (ख) |
| ८ | (क) | १८ | (घ) | २८ | (ख) | ३८ | (D) | ४८ | (क) |
| ९ | (ग) | १९ | (क) | २९ | (३) | ३९ | (ख) | ४९ | (ग) |
| १० | (क) | २० | (ख) | ३० | (ग) | ४० | (२) | ५० | (ग) |

## २०६८ पौष ५ गते सरकारले नामाकरण गरेका केही सडकहरुको नयाँ नाम

| सडकको नाम | नयाँ नाम |
|---|---|
| लमही-तुल्सीपुर | कृष्णसेन इच्छुक मार्ग |
| गोर्खाको द्रव्य शाह मार्ग | सुरेश वाग्ले मार्ग |
| रुपनी-राजविराज सडक खण्ड | गजेन्द्रनारायण सिंह मार्ग |
| नेपालगञ्ज-बगौडा मार्ग | कमल गिरी मार्ग |
| बर्दिवास-जलेश्वर मार्ग | दुर्गादन्द झा |
| मिर्चैया-सिराहा मार्ग | रमेश महतो मार्ग |

## पहिलो सार्क शिखरमा सहभागी राष्ट्र तथा सरकार प्रमुखहरु

| देश | राष्ट्र तथा सरकार प्रमुखहरु | उपाधी |
|---|---|---|
| बंगलादेश | हुसेन मोहम्मद एर्शाद | राष्ट्रपति |
| भुटान | जिग्मेसिङ्गे वाङ्चुक | नरेश |
| भारत | राजीव गान्धी | प्रधानमन्त्री |
| माल्दिभ्स | मौमून अब्दुल गयूम | राष्ट्रपति |
| नेपाल | वीरेन्द्र शाह | राजा |
| पाकिस्तान | मोहम्मद खाँन जुनेदो | प्रधानमन्त्री |
| श्रीलङ्का | जुनियस रिचार्ड जयवर्धने | राष्ट्रपति |

## विश्वमा हाल सक्रिय रहेका केही ज्वालामुखीहरू

| | | | |
|---|---|---|---|
| अकाटेनान्गो | – ग्वाटेमाला | अन्तोफाला | – अर्जेण्टिना |
| इलिग्ना | – अमेरिका | इराजु | – कोस्टारिका |
| इचिन्सकाया | – रुस | मुआल्लातिरी | – चिली |
| लास्कार | – चिली | तैमुल्को | – ग्वाटेमाला |
| लाइमा | – चिली | | |

Question Bank Nepal

# १.४ विश्वको इतिहास (History of World)

प्रश्न संख्या–१

**नमूना प्रश्न सेट नं. –१०**

**(१) औद्योगिक क्रान्तिका परिणाम सम्बन्धी तलका वाक्यहरू ठीक, बेठीक के हुन् ?**

(१) जनमत तयार गर्ने साधनहरुको विकास
(२) वर्ग-संघर्षको अन्त
(३) साम्राज्यवादको उदय र विस्तार
(४) मजदुरहरुको दयनीय अवस्था

**विकल्पहरू**

(A) २ बाहेक सबै ठीक (B) ३, ४ बेठीक (C) १,३ र ४ बेठीक (D) सबै ठीक

**(२) औद्योगिक क्रान्किा परिणाम सम्बन्धी तलका वाक्यहरू ठीक, बेठीक के हुन् ?**

(१) अन्तर्राष्ट्रिय विद्वेषको विकास,
(२) जनसंख्यामा ह्रास
(३) ट्रेड युनियनहरुको उदय
(४) राष्ट्रिय व्यापारमा ह्रास र अन्तर्राष्ट्रिय व्यापारमा वृद्धि

(A) सबै बेठीक (B) ३, ४ मात्र बेठीक (C) २ र ४ मात्र बेठीक (D) सबै ठीक

**(३) फ्रान्सको राज्यक्रान्ति कहिले भएको थियो ?**

(क) सन् १७९० (ख) सन् १७८९ (ग) सन् १७९० (घ) सन् १८८९

**(४) कानूनको जननी मानिने म्याग्नाकार्टाले कसका अधिकार कटौती गरेको थियो ?**

(क) धर्मगुरुका अधिकार (ख) राजाका अधिकार
(ग) ब्यारोनहरुको अधिकार (घ) धर्मगुरु र राजा दुवैका अधिकार

**(५) अन्तिम म्याग्नाकार्टा भनेर कहिले जारी भएको म्याग्नाकार्टालाई भनिन्छ ?**

(क) सन् १९१५ (ख) सन् १९२१ (ग) सन् १९२५ (घ) सन् १९३५

**(६) म्याग्नाकार्टामा हस्ताक्षर भएको स्थान तलका मध्ये कुन सही हो ?**

(क) Staines नजिकै रहेको पेरिस र Windsor बीचको Ruhnynede मा
(ख) Ruhnynede नजिकै रहेको लण्डन र Windsor बीचको Staines मा
(ग) Staines नजिकै रहेको लण्डन र Windsor बीचको Ruhnynede मा
(घ) Windsor नजिकै रहेको पेरिस र Staines बीचको Ruhnynede मा

**(७) म्याग्नाकार्टालाई केको प्रथम ऐतिहासिक लिखित दस्तावेज मानिन्छ ?**

(क) संविधान (ख) राज्यका निर्देशक सिद्धान्त
(ग) मानवाधिकार सम्बन्धी दस्तावेज (घ) आधुनिक कानून

**(८) म्याग्नाकार्टामा प्रस्तावनाका अतिरिक्त कति वटा धाराहरू थिए ?**

(क) ६३ वटा (ख) ३६ वटा (ग) १६३ वटा (घ) १३६ वटा

Question Bank Nepal

**(९) म्याग्नाकार्टामा तलका कुन कुरा समावेश गरिएको थिएन ?**

(क) कानून बनाउने अधिकार संसदलाई मात्र हुने,

(ख) संसदको स्वीकृति विना राजाले कुनै पनि कर लगाउन नपाउने

(ग) चर्चलाई स्वायत्तता प्राप्त हुने, (घ) कसैलाई पनि मृत्युदण्ड नदिइने

(१) ग (२) ख र घ ठीक (३) ग र घ (४) सबै समावेश थिए

**(१०) म्याग्नाकार्टा तलका कुन कुरासँग सम्बन्धित छ ?**

(क) Rule of Law र Judicial Impartiality को आधार स्तम्भ

(ख) Supremacy of Parliament र Judicial Impartiality को आधार स्तम्भ

(ग) Supremacy of Parliament र Rule of Law को लागि एउटा आधार स्तम्भ

(घ) Rule of Law, Supremacy of Parliament र Judicial Impartiality को आधार स्तम्भ

**(११) कुन शताब्दीलाई युरोपको बौद्धिक जागरणको रूपमा लिइन्छ ?**

(क) १७ औं शताब्दी (ख) १८ औं शताव्दी (ग) १९ औं शताव्दी (घ) १६औं शताब्दी

**(१२) कहिले कोबाट म्याग्नाकार्टालाई आवश्यक संशोधन सहित पुनः जारी गराइएको थियो ?**

(क) सन् १९२५ मा Luis (ख) सन् १९१५ मा Henry III

(ग) सन् १९२५ मा Jems (घ) सन् १९२५ मा Henry III

**(१३) फ्रान्सको राज्यक्रान्तिले जन्माएको नेतृत्व को हुन् र कहिले सम्राट भएका थिए ?**

(क) नेपोलियन बोनापार्ट, सन् १८०४ (ख) लुई सत्रौं, सन् १८०५

(ग) राजा जोन, सन् १८०६ (घ) मुसोलिनी, सन् १८०७

**(१४) म्याग्नाकार्टाका प्रावधानलाई राजाले उल्लंघन गर्न थालेपछि जनताले उनलाई हटाई फ्रानसबाट कसलाई ल्याई राजा बनाएका थिए ?**

(क) राजा John का भान्जा जेम्स II (ख) राजा John का ज्वाइँ लुइस

(ग) राजा John का काका हेनरी III (घ) राजा John का मामा जेम्स III

**(१५) अमेरिकालाई के/कोबाट स्वतन्त्र/मुक्त गराउन अमेरिकनहरूले गरेको संघर्षलाई अमेरिकी स्वतन्त्रता संग्राम भनिन्छ ?**

(क) निरंकुश राजतन्त्र (ख) ब्रिटिश साम्राज्य (ग) फ्रान्सेली साम्राज्य (घ) जापानी साम्राज्य

**(१६) अमेरिकालाई स्वतन्त्रता संग्राम कहिले शुरू भै कहिले सफल भएको थियो ?**

(क) सन् १७७२ देखि १७८० (ख) सन् १७७३ देखि १७८२

(ग) सन् १७७४ देखि १७८२ (घ) सन् १७७५ देखि १७८३

**(१७) अमेरिकी स्वतन्त्रता संग्रामको घोषणापत्रमा हस्ताक्षर गर्ने व्यक्तिहरू कति जना थिए ?**

(क) ५२ जना (ख) ५४ जना (ग) ५६ जना (घ) ५८ जना

**(१८) अमेरिका स्वतन्त्रता संग्रामका लागि खोलिएको संस्थाको नाम तलका मध्ये कुन होइन ?**

(क) स्वतन्त्रताका छोराहरु (ख) स्वतन्त्रताका छोरीहरु

(ग) स्वतन्त्रताका सन्तानहरु (घ) माथिका कुनै पनि होइन

**(१९) विश्वको इतिहासमा अमेरिकी स्वतन्त्रता संग्रामले विशिष्ट स्थान पाउनुको कारण के हो ?**

(क) उपनिवेशबाट मुक्ति प्राप्तका लागि भएको विश्वको पहिलो सफल घटना भएकोले

(ख) निरंकुश राज्यसत्तालाई हटाई जनताको जीत भएको विश्वको पहिलो घटना भएकोले

Question Bank Nepal

(ग) अमेरिका जस्तो शक्तिशाली देशमा संग्राम भएकोले

(घ) यस घटनामा विश्वका भण्डै आधाजति देशहरुको सहभागिता भएकोले ।

**(२०) अमेरिकी स्वतन्त्रता संग्राममा विद्रोहीहरूलाई सबैभन्दा बढी सहयोग गर्ने देश कुन हो ?**

(क) फ्रान्स (ख) स्पेन (ग) जर्मनी (घ) बेलायत

**(२१) अमेरिकी स्वतन्त्रता संग्राममा विद्रोहीहरूलाई गोप्य रूपले सहयोग गर्ने देश कुन हो/हुन् ?**

(क) फ्रान्स र जर्मनी (ख) फ्रान्स र पेरु (ग) फ्रान्स र इटाली (घ) फ्रान्स र स्पेन

**(२२) अमेरिकी स्वतन्त्रता संग्राममा व्यापारी, जमिनदार, चर्चका पादरी, वकिल, सरकारी पदाधिकारीको संलग्नता भएकोले यसलाई कुन तहको क्रान्ति भनिन्छ ?**

(क) उच्च वर्गीय (ख) मध्यम वर्गीय (ग) निम्न वर्गीय (घ) सर्ववर्गीय वर्गीय

**(२३) अमेरिकाको स्वतन्त्रता संग्रामासँग सम्वन्धित तलका वाक्यहरू ठीक, बेठीक के छन् ?**

(क) बेलायत छोडी अमेरिका गएका अमेरिकीहरुले ब्रिटिश औपनिवेशिकता नचाहनु,

(ख) अमेरिकाको विधान सभाबाट पारित प्रस्तावलाई बेलायतबाट नियुक्त गर्भनरबाट Veto प्रयोग गरी रद्ध हुने प्रावधान हुनु,

(ग) सात वर्षीय युद्धको प्रभाव

(घ) स्यामुयल एडम्सले अमेरिकी एकताका प्रतीकको रुपमा कार्य गरेकोले

**विकल्पहरू:** (१) क, ग ठीक (२) क, ख, घ ठीक (३) ख बाहेक ठीक (४) सबै ठीक

**(२४) अमेरिकी स्वतन्त्रता संग्रामका कारणहरू मध्ये तलका कुन ठीक, कुन बेठीक हुन् ?**

(१) बेलायतले अमेरिकावासीका लागि Stamp Act / Import Duties Acts लागू गरेकोले

(२) अमेरिकाका जनता बेलायतबाट रुष्ट भै अमेरिका छिरेका अंग्रेजहरु नै भएकाले बेलायती साम्राज्य मन नपरेकाले

(३) अमेरिकीहरुले बेलायतसँग मात्र व्यापार गर्नु पर्ने र व्यापार गर्न बेलायतलाई कर बुझाउनु पर्ने Trade Act लागू गरिएकोले

(४) Court at Admirality को मजिस्ट्रेटहरुले दुरुपयोग गरेकोले

**विकल्पहरू:** (A) १,२ बेठीक (B) १,२,३ बेठीक (C) सबै ठीक (D) सबै बेठीक

**(२५) अमेरिकी स्वतन्त्रता संग्राममा खुनी हत्याकाण्ड भन्नाले तलका कुन कुरालाई जनाउँछ ?**

(क) वोस्टन शहरका ब्रिटिश छाउनीलाई घेरी उग्रवादी अमेरिकीले सेनामाथि पत्थर हानेपछि सेनाले गोली चलाई मानिस मारेको घटना

(ख) सन् १७७२ मा चोरीबजार र स्मगलिङ्ग रोक्न पठाएको न्वकउभभ नामको जहाजमाथि अमेरिकीहरुले आगो लगाउदा भड्केको हत्याकाण्ड सम्वन्धी घटना

(ग) बेलायती गर्भनरको निर्देशनमा अमेरिकी संसदका सदस्यहरुमाथि भएको दमन

(घ) माथिका सबै घटना

**(२६) सन् १७७३ मा भारतबाट अमेरिका लैजाँदै गरेका ३ वटा चिया बोकेका जहाजबाट आदिवासी अमेरिकीले ३४० चियाका पेटी समुद्रमा फालिदिएको घटनालाई के भनिन्छ ?**

(क) Boston Tea Hi-jack Party (ख) Boston Ship Hi-jack

(ग) Boston Terriost Attact (घ) Boston Tea Party

**(२७) अमेरिकी स्वतन्त्रता संग्रामको औपचारिक शुरूवात कहिले भएको मानिन्छ ?**



Question Bank Nepal

(क) १९ अप्रिल १७७२ (ख) १९ अप्रिल १७७३ (ग) १९ अप्रिल १७७४ (घ) १९ अप्रिल १७७५

**(२८) सन् १७७४ मा १३ राज्यमध्ये कति वटा राज्य फिलाडेल्फियामा भेला भई महाद्वीपीय सभा मार्फत एक घोषणापत्र तयार पारेका थिए ?**

(क) १० वटा (ख) ११ वटा (ग) १२ वटा (घ) १३ वटा

**(२९) अमेरिकी कंग्रेसले समेत स्वीकार गरेको अमेरिका स्वतन्त्रताको घोषणाको प्रारूप सन् १७७६ मा कसले तयार गरेका थिए ?**

(क) थोमस जेफरसन (ख) सर जोन् विलीयम (ग) विलियम हेरस (घ) सबै मिलेर

**(३०) अमेरिका स्वतन्त्रता संग्राममा बेलायत विरूद्ध शस्त्र तटस्थवाद (Armed Neutrality) को नीति लिने देशहरू कुन हो/हुन् ?**

(क) रुस, डेनमार्क, फिनल्याण्ड (ख) रुस, फ्रान्स, स्वीडेन

(ग) रुस, डेनमार्क, स्वीडेन (घ) स्पेन, डेनमार्क, स्वीडेन

**(३१) ब्रिटिश सेनापति कार्नवालिसले कुन ठाउँमा आत्मसमर्पण गरेका थिए ?**

(क) जर्जिया (ख) यार्क टाउन (ग) फिलाडेल्फिया (घ) न्यू योर्क

**(३२) अमेरिकी स्वतन्त्रता संग्राममा ब्रिटेनको हार हुनाका कारणहरू कुन कुन हुन् ?**

(क) ब्रिटिशमा अदुरदर्शी राजनीतिक नेतृत्व हुनु (ख) भौगोलिक असुविधा हुनु

(ग) जर्ज वाशिङ्टनको योग्यता र कुशल नेतृत्व (घ) अमेरिकीहरुमा एकता र उत्साह हुनु

**विकल्पहरू**

(१) क वाहेक सबै (२) ग बाहेक सबै (३) सबै हुन (४) घ वाहेक सबै

**(३३) अमेरिकासित ब्रिटिश सरकारको हार भएपश्चात् १७८३ मा भएको सन्धिको नाम के हो ?**

(क) जर्जिया सन्धि (ख) यार्क सन्धि (ग) भर्साइल सन्धि (घ) टोरोन्टो सन्धि

**(३४) तलका भनाईहरू कुन कुन सही होलान् ?**

(क) सन् १७८३ मा अमेरिका ब्रिटिश सरकारबाट पूर्णतः स्वतन्त्र भयो ।

(ख) अमेरिकी स्वतन्त्र संग्रामको सफलताबाट स्पेनले फ्लोरिडा र मिनार्का उपनिवेश पायो

(ग) अमेरिकी स्वतन्त्रता संग्राममा सहयोग गरे बापत फ्रान्सले टोबेगो, सेनेगल र सेण्ट लुरिया जस्ता औपनिवेशहरु पायो ।

(घ) अमेरिकाको स्वतन्त्रतापछि अमेरिकामा रहेका ब्रिटिश सरकारका भक्तहरु क्यानडातिर गए ।

**विकल्पहरु:** (१) सबै ठीक (२) क, ख, घ ठीक (३) ख र ग ठीक (४) ख बाहेक ठीक

**(३५) अमेरिकी स्वतन्त्रताको घोषणाबाट स्थापित मुल्य, मान्यता तलका मध्ये कुन होइन ?**

(क) अमेरिका विश्वको शक्तिशाली राष्ट्रको रुपमा स्थापित हुनुपर्छ ।

(ख) लोकमतको विरोधी सरकारलाई समाप्त पार्ने अधिकार जनतालाई हुन्छ ।

(ग) सबै मनुष्यलाई स्वतन्त्रता प्राप्तिको जन्मसिद्ध अधिकार छ र हुनुपर्छ ।

(घ) सरकारको शक्तिको स्रोत लोकमत हो ।

**विकल्पहरु :** (१) ख (२) क (३) ग (४) घ



Question Bank Nepal

**(३६) अमेरिकी स्वतन्त्रता संग्रामका परिणामहरू तलका मध्ये कुन हो/हुन् ?**

(क) १७८३ देखि अमेरिका एक स्वतन्त्र राष्ट्रको रुपमा स्थापित

(ख) ब्रिटिश साम्राज्यको प्रतिष्ठामाथि आघात

(ग) ब्रिटेनको औपनिवेशिक नीतिमा परिवर्तन

(घ) ब्रिटेनले टोबेगो, सेनेगल र सेण्ट लुरिया उपनिवेश मात्र पाउनु ।

**विकल्पहरू:** (१) क, ग ठीक (२) घ बाहेक ठीक (३) क, ख, घ ठीक (४) सबै ठीक

**(३७) औद्योगिक क्रान्ति भनेको तलका मध्ये कुन सही हो ?**

(क) औद्योगिक मजदुरहरुको हक, हितका लागि भएको मजदुर आन्दोलन,

(ख) अठारौं शताब्दीको ठूलो मजदुर हड्ताल,

(ग) परम्परागत सीप र श्रमलाई यान्त्रिक उपकरण, आधुनिक कलकारखानाले प्रतिस्थापन

(घ) स्वचालित यान्त्रिक उपकरणलाई घरेलु उद्योग प्रणालीबाट विस्थापन

**(३८) औद्योगिक क्रान्ति अठारौं शताब्दीमा कुन महादेशमा भएको थियो ?**

(क) उ. अमेरिका (ख) युरोप (ग) द. अमेरिका (घ) एसिया

**(३९) औद्योगिक क्रान्तिको समय भनेर खासगरी कुन अवधिलाई लिइन्छ ?**

(क) सन् १७३० देखि १७७० (ख) सन् १७३० देखि १८७०

(ग) सन् १७७० देखि १८३० (घ) सन् १७३० देखि १८००

**(४०) औद्योगिक क्रान्ति कुन देशबाट शुरू भएको थियो ?**

(क) वेलायत (ख) फ्रान्स (ग) जर्मनी (घ) अमेरिका

**(४१) औद्योगिक क्रान्तिलाई आधार प्रदान गर्ने तलका आविष्कार र आविष्कारकबीच नमिलेको जोडा कुन हो ? पत्ता लगाउनुहोस्**

| आविष्कार | आविष्कारक |
| --- | --- |
| (A) फ्लाइङ सटल | – जोन के |
| (B) जेम्स हारग्रिम्स | – स्पिनिङ्ग जेनी |
| (C) जेम्स वाट | – स्टिम इन्जिन |
| (D) थोमस वेल | – कपडा रङ्ग्याउने Dying प्रविधि |

**विकल्पहरु :** (१) A, B (२) B, C (३) D (४) सबै मिलेका छन्

**(४२) औद्योगिक क्रान्तिसँग सम्वन्धित तलका समूहबीच आपसमा जोडा मिलाउनुहोस् ।**

| आविष्कार | आविष्कार समय |
| --- | --- |
| (१) कटन जीन | (अ) १८०७ |
| (२) वाफद्वारा चल्ने रेल्वे इन्जिन | (आ) १७९३ |
| (३) सेफ्टी ल्याम्प | (इ) १७६९ |
| (४) स्टिम इन्जिन | (ई) १८१५ |

**विकल्पहरु :** (क) १-आ, २-अ, ३-इ, ४-ई (ख) १-आ, २-अ, ३-ई, ४-इ

(ग) १-अ, २-इ, ३-ई, ४-आ (घ) १-आ, २-ई, ३-अ, ४-अ

Question Bank Nepal

**(४३) औद्योगिक क्रान्तिसँग सम्वन्धित तलका समूहबीच आपसमा जोडा मिलाउनुहोस् ।**

| **आविष्कार** | **आविष्कारक** |
|---|---|
| (१) फ्लाइङ सटल | (अ) जेम्स वाट |
| (२) वाफद्वारा चल्ने रेल्वे इन्जिन | (आ) जोन के |
| (३) सेफ्टी ल्याम्प | (इ) रवर्ट फुल्टन |
| (४) स्टिम इन्जिन | (ई) हम्फ्री डेभी |

**विकल्पहरु :** (क) १-आ, २-ई, ३-इ, ४-अ (ख) १-आ, २-अ, ३-ई, ४-इ
(ग) १-आ, २-इ, ३-ई, ४-अ (घ) १-अ, २-ई, ३-अ, ४-आ

**(४४) औद्योगिक क्रान्तिका सम्बन्धमा तलका भनाईहरू मध्ये ठीक कुन हो/हुन् ?**

(क) औद्योगिक क्रान्तिको शुरुवात बेलायतवाट भयो ।

(ख) नेपोलियन बोनापार्टको योगदानका कारण फ्रान्स औद्योगिक क्रान्ति विस्तार भयो ।

(ग) सन् १८७० सम्ममा युरोपका अधिकांश देशमा औद्योगिक क्रान्तिले व्यापकता छाइसकेको थियो ।

(घ) वेल्जियम छोटो समयमै ठूलो औद्योगिक राष्ट्र बन्न सफल भयो ।

**विकल्पहरू**

(A) सबै ठीक (B) क, ख मात्र ठीक (C) क, ग, घ ठीक (D) ख, ग, घ ठीक

**(४५) बेलायतबाटै औद्योगिक क्रान्ति शुरू हुनका कारणहरूमध्ये कुन सही हो/हुन् ?**

(क) बेलायतको प्राकृतिक वनावट नै अनुकूल हुनु (ख) सुदृढ शासन प्रणाली

(ग) छिमेकी देशहरुको आर्थिक सहयोग जारी रहनु (घ) कृषि क्रान्ति हुनु

**विकल्पहरू**

(१) क, ख र घ ठीक (२) क, ग, घ ठीक (३) ग बाहेक सबै (४)सबै ठीक

**(४६) औद्योगिक क्रान्तिका कारणहरूको सन्दर्भमा तलका जोडाहरू अध्ययन गरी विकल्प मध्येबाट सही उत्तर छान्नुहोस् ।**

(१) वेलायतलाई समुन्द्रकी रानी पनि भनिन्छ । (अ) ठीक

(२) गौरवमय क्रान्तिपछि बेलायतमा राजनीतिक स्थिरता भएन । (आ) बेठीक

(३) औद्योगिक क्रान्तिले ट्रेड युनियनहरुको उदय गरायो । (इ) ठीक

(४) औद्योगिक क्रान्तिले राज्यको पाशविक शक्तिमा वृद्धि गरायो (ई) बेठीक

**विकल्पहरू**

(क) १,२ र ४ ठीक (ख) १,२ मात्र ठीक (ग) सबै ठीक (घ) ४ बाहेक ठीक

**(४७) औद्योगिक क्रान्किा परिणाम सम्वन्धी तलका वाक्यहरू ठीक, बेठीक के हुन् ?**

(१) भूमिपतिको हातवाट सत्ता वाहिरिनु

(२) वैदेशिक व्यापारमा वृद्धि र विस्तार

(३) ट्रेड युनियनहरुको उदय

(४) आम नागरिकको जीवनस्तरमा सुधार

(A) १ बाहेक ठीक (B) ३, ४ मात्र बेठीक (C) १,३ र ४ मात्र ठीक (D) सबै ठीक



QuestionBank Nepal

**(४८) म्याग्नाकार्टामा कहिले हस्ताक्षर भएको थियो ?**

(क) १२१५ मे १५ (ख) १२१५ जुन १५ (ग) १५१२ जुन १५ (घ) १२१५ जुलाई १५

**(४९) म्याग्नाकार्टा कुन देशका राजा र धर्मगुरुबीच चलेको लामो संघर्षको परिणति थियो र कसको पराजय भएको थियो ?**

(क) वेलायत, धर्मगुरुको पराजय (ख) फ्रान्स, राजाको पराजय

(ग) वेलायत, राजाको पराजय (घ) फ्रान्स, धर्मगुरुको पराजय

**(५०) म्याग्नाकार्टामा हस्ताक्षर कसले गरेका थिए ?**

(क) King John (ख) King Luis (ग) King Pawel (घ) King Jems

**नमूना प्रश्न सेट नं. १० का उत्तरहरु**

| प्रश्न | उत्तर | प्रश्न | उत्तर | प्रश्न | उत्तर | प्रश्न | उत्तर | प्रश्न | उत्तर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | (A) | ११ | (ख) | २१ | (घ) | ३१ | (ख) | ४१ | (४) |
| २ | (C) | १२ | (घ) | २२ | (ख) | ३२ | (३) | ४२ | (ख) |
| ३ | (ख) | १३ | (क) | २३ | (४) | ३३ | (ग) | ४३ | (ग) |
| ४ | (ख) | १४ | (ख) | २४ | (C) | ३४ | (१) | ४४ | (A) |
| ५ | (ग) | १५ | (ख) | २५ | (क) | ३५ | (२) | ४५ | (३) |
| ६ | (ग) | १६ | (घ) | २६ | (घ) | ३६ | (२) | ४६ | (घ) |
| ७ | (घ) | १७ | (ग) | २७ | (घ) | ३७ | (ग) | ४७ | (D) |
| ८ | (क) | १८ | (ग) | २८ | (ग) | ३८ | (ख) | ४८ | (ख) |
| ९ | (४) | १९ | (क) | २९ | (क) | ३९ | (ग) | ४९ | (ग) |
| १० | (घ) | २० | (क) | ३० | (ग) | ४० | (क) | ५० | (क) |

## नमूना प्रश्न सेट नं. -११

**(१) कहिले अमेरिकी युद्ध विमान B29 सुपरफोर्टेसले जापानको हिरोसिमामा लिटिल ब्वाई नामको परमाणु बम प्रहार गरेको थियो ?**

(क) सन् १९४४ अगष्ट ६ (ख) सन् १९४५ अगष्ट ९

(ग) सन् १९४६ अगष्ट ६ (घ) सन् १९४५ अगष्ट ६

**(२) कहिले नागासाकीमा अमेरिकाले 'फ्याट म्यान' नामको प्लोटोनियम बम प्रहार गर्‍यो ?**

(क) ६ अगष्ट १९४४ (ख) ९ अगष्ट १९४५

(ग) ६ सेप्टेम्वर १९४५ (घ) ९ सेप्टेम्वर १९४६

**(३) फ्रान्सको राज्यक्रान्तिको नारा अर्थात सिद्धान्त के थियो ?**

(क) समानता र भातृत्व (ख) स्वतन्त्रता र समानता

(ग) स्वतन्त्रता र भातृत्व (घ) स्वतन्त्रता, समानता र भातृत्व

**(४) फ्रान्सको राज्यक्रान्तिमा नेतृत्वदायी भूमिका खेल्ने दार्शनिक तथा विद्वानहरूको समूह मध्ये कुन समूह हो ?**

(क) मण्टेस्क्यू, रुसो र दाँते (ख) मण्टेस्क्यू, विस्मार्क र भोल्टेयर

(ग) मण्टेस्क्यू, भोल्टेयर (घ) मण्टेस्क्यू, रुसो र भोल्टेयर

**(५) फ्रान्सको राज्यक्रान्तिलाई केको लडाई पनि भनिन्छ ?**



Question Bank Nepal

(क) वन्दुकको लडाईं (ख) धर्मगुरुहरुको लडाईं

(ग) विचारको लडाईं (घ) औपनिवेदवाद विरुद्धको लडाईं

**(६) फ्रान्सको राज्यक्रान्तिका कारणहरूको सन्दर्भमा तलका कुन भनाईहरू सही हुन् ?**

(क) स्वेच्छाचारी/निरकुंश राजतन्त्र

(ख) दरवारको विलासी जीवनशैली

(ग) क्याथोलिक धर्मावलम्वीले प्रोटेस्टेण्टहरुमाथि अत्याचार गर्नु ।

(घ) बिभेदपूर्ण र त्रुटीपूर्ण कर प्रणाली

**विकल्पहरू:** (A) सबै ठीक (B) क, ख ठीक (C) ग, घ ठीक (D) ख, ग, घ ठीक

**(७) फ्रान्सको राज्यक्रान्तिका कारणहरू मध्ये नागरिक अधिकारको हनन सम्वन्धी कारणभित्र तलका कुन कुन पर्दछन् ?**

(क) जनताले लेख्ने, पढ्ने, बोल्ने अधिकार नपाउनु,

(ख) राजनीतिमा भाग लिन नपाउनु,

(ग) क्याथोलिक धर्मावलम्वीले प्रोटेस्टेण्ट धर्मावलम्वीहरु माथि अन्याय गर्नु ।

(घ) कुलीन र पादरी वर्ग करवाट मुक्त हुनु

**विकल्पहरू**

(१) क र ग ठीक (२) क र घ ठीक (३) सबै ठीक (४) ग र घ बाहेक सबै ठीक

**(८) फ्रान्सको राज्यक्रान्तिका कारणका सम्वन्धमा तलका भनाईहरू मध्ये ठीक कुन हो/हुन्?**

(क) असमान कानूनी व्यवस्था (ख) शासनमा रानीको हस्तक्षेप हुनु,

(ग) धर्मका नाममा लुट हुनु (घ) समाज सुविधाप्राप्त र सुविधाविहिन वर्गमा विभाजन

**विकल्पहरू**

(A) ख, ग, घ मात्र ठीक (B) क, ख मात्र ठीक (C) ग, घ ठीक (D) सबै ठीक

**(९) तलका दुई समूहबीच जोडा मिलाई सही विकल्प छान्नुहोस्**

| | |
|---|---|
| (१) सामाजिक कारण | (अ) रुसोको सामाजिक सम्झौता नामक पुस्तकको प्रकाशन |
| (२) धार्मिक कारण | (आ) नापतौल प्रणालीमा एकरुपता नहुनु |
| (३) आर्थिक कारण | (इ) धर्माकर नामको कर उठाउनु |
| (४) वौद्धिक कारण | (ई) कुलीन वर्गको अत्याचार हुनु |

**विकल्पहरू:** (क) १-इ, २-ई ३-आ, ४-अ (ख) १-ई, २-अ ३-आ, ४-इ

(ग) १-ई, २-इ ३-आ, ४-अ (घ) १-इ, २-ई ३-आ, ४-अ

**(१०) फ्रान्सको राज्यक्रान्तिका कारणसँग सम्वन्धित तलका वाक्यहरू ठीक, बेठीक के छन् ?**

(क) समाज सुविधाप्राप्त र सुविधाहीन वर्गमा विभाजन थियो ।

(ख) सुविधाप्राप्त वर्गमा पादरी र कुलीन वर्ग पर्दथे ।

(ग) सुविधाहीन वर्गमा मध्यम वर्ग, किसान र कालीगढ पर्दथे ।

(घ) फ्रान्सका किसानले राज्यलाई भूमिकर, चर्चलाई आम्दानीको दशौं भाग, कुलीनलाई सामन्तीकर बुझाउनु पर्ने सामाजिक परम्परा थियो ।

**विकल्पहरू**

(१) क र ग ठीक (२) क, ख, घ ठीक (३) ख बाहेक सबै ठीक (४) सबै ठीक

Question Bank Nepal

**(११) फ्रान्समा राज्यक्रान्तिताका......करबाट मुक्त थिए । किसानले विभिन्न नामका कर.......लाई बुझाउनु पर्थ्यो । ७ वर्ष माथिको व्यक्तिले.......नुन अनिवार्य रूपमा किन्नु पर्ने र नुनमा ३० देखि ५०% कर लगाएको थियो । खाली ठाउँ भर्नुहोस् ।**

(क) कुलीन वर्ग, राज्य, ७ पौण्ड (ख) कुलीन र पादरी वर्ग, कुलीन वर्ग, ७ पौण्ड

(ग) कुलीन र पादरी वर्ग, सामन्त मण्डल, १७ पौण्ड (घ) पादरी वर्ग, पोप, २७ पौण्ड

**(१२) तलका भनाई अध्ययन गरी ठीक, बेठीक के हुन् ? पहिचान गर्नुहास् ।**

(क) मण्टेस्क्युले शक्ति पृथकीकरणको सिद्धान्त प्रतिपादन गरी विद्यमान राज्यप्रणाली र शासन व्यवस्थामाथि प्रहार गरे ।

(ख) भ्रष्ट चर्चलाई नष्ट गरिदेउ भन्ने भोल्टेयरको नारा थियो ।

(ग) रुसोले 'सामाजिक सम्झौता' र दिदेरोले 'विश्वकोष' पुस्तक लेखेका थिए ।

(घ) नेशनल एसेम्ब्लीको बैठक हुने दिन राजाले बैठक भवन बन्द गर्न लगाउनु राज्यक्रान्तिको तत्कालीन कारण बन्यो ।

**विकल्पहरू:** (१) क, ख र ग ठीक (२) क, ग, घ ठीक (३) ग बाहेक ठीक (४) सबै ठीक

**(१३) १७ औं शताब्दीमा फ्रान्समा कुन वंशका राजाहरूले शासन गर्थे ?**

(क) मंचु वंश (ख) बुर्बोन वंश (ग) जार वंश (घ) सार्विन वंश

**(१४) तलका दुई समूहबीच जोडा मिलाई सही विकल्प छान्नुहोस्**

| समूह I | समूह II |
|---|---|
| (१) ६२१ सदस्यीय तेस्रो स्टेट्स जनरलमा | (अ) पादरी मात्र सहभागी हुन पाउने |
| (२) फ्रान्सको तत्कालीन स्टेट्स जनरलमा | (आ) कुलीन वर्ग मात्र सहभागी हुन पाउने |
| (३) ३०८ सदस्यीय पहिलो स्टेट्स जनरलमा | (इ) सर्वसाधारण मात्र सहभागी |
| (४) २५८ सदस्यीय दोस्रो स्टेट्स जनरलमा | (ई) पादरी, कुलीन र सर्वसाधरण सहभागी हुन पाउने । |

**विकल्पहरू:** (क) १-ई, २-इ, ३-अ, ४-आ (ख) १-इ, २-ई, ३-आ, ४-अ

(ग) १-ई, २-इ, ३-आ, ४-अ (घ) १-इ, २-ई, ३-अ, ४-आ

**(१५) फ्रान्सको राज्यक्रान्तिको अन्त तलका कुन घटनाबाट भएको हो ?**

(क) सन् १७९३ जनवरी २१ मा लुई १६औं लाई फाँसीमा झुण्डयाई मृत्युदण्ड दिएपछि

(ख) १७९३ जनवरी २६ मा रानी मेरी ऐण्टोनेटलाई पनि मृत्युदण्ड दिएपछि

(ग) सन् १७९१ जुन २० का दिन राजालाई बन्दी बनाएपछि

(घ) नेपोलियन बोनापार्ट सम्राट भएपछि ।

**विकल्पहरू:** (१) क र ग (२) क, ख (३) सबै ठीक (४) ख बाहेक ठीक

**(१६) फ्रान्सको राज्यक्रान्तिको परिणामहरू मध्ये तलका कुन ठीक, बेठीक के छन् ?**

(१) सन् १७८९ अगाष्ट २७ का दिन मानव अधिकारको घोषणा

(२) विश्वको इतिहासमा आधुनिक कालको शुरुवात

(३) विश्वभर स्वतन्त्रता, समानता र भातृत्वको सिद्धान्तको प्रादुर्भाव

(४) देशमा ३ प्रकारका कानूनी प्रणालीहरु लागू

**विकल्पहरू:** (A) १,३,४ ठीक (B) ३, ४ मात्र बेठीक (C) ४ मात्र बेठीक (D) सबै ठीक

Question Bank Nepal

**(१७) फ्रान्सको राज्यक्रान्तिको परिणामहरू मध्ये तलका कुन ठीक, कुन बेठीक हुन् ?**

(१) सरकारद्वारा शिक्षा दिने परम्पराको अन्त (२) पादरीबाट शिक्षा दिने परम्पराको थालनी

(३) जनता अजेय शक्ति भन्ने मान्यता स्थापित (४) राष्ट्रिय भावनाको विकास

**विकल्पहरू:** (A) ३ र ४ ठीक (B) ३, ४ मात्र बेठीक (C) ४ मात्र बेठीक (D) सबै ठीक

**(१८) "मेरो रगत फ्रान्सको समृद्धिको कारण बनोस, राष्ट्र चिरस्थायी बनोस" कसको भनाई हो ?**

(क) लुई १६औं (ख) लुई १४औं (ग) पादरी वेनजेक्ट (घ) रानी मेरी ऐण्टोनेटे

**(१९) फ्रान्सको राज्यक्रान्तिसँग सम्बन्ध राख्ने "The Spirit of Law" कसले लेखेका हुन् ?**

(क) जोन स्मिथ (ख) म्याक्स वेवर (ग) मण्टेस्क्यू (घ) विलोवी

**(२०) फ्रान्सको संसदको मान्यता पाएको स्टेट जनरलको बैठक कति वर्षपछि सन् सन् १७८९ मा बोलाइएको थियो ?**

(क) १२५ वर्ष (ख) १७५ वर्ष (ग) १५० वर्ष (घ) १०५ वर्ष

**(२१) रूसको शासन विरूद्ध वोल्सेविक जनताले निरंकुश जार (राजा) शासनको अन्तका लागि कहिले गरेको क्रान्तिलाई रूसी क्रान्ति भनिन्छ ?**

(क) सन् १९१७ (ख) सन् १९१५ (ग) सन् १९१६ (घ) सन् १९१४

**(२२) रूसी क्रान्ति कति चरणमा भएको थियो ?**

(क) ४ चरण (ख) ३ चरण (ग) २ चरण (घ) १ चरण

**(२३) रूसमा ३ चरणमध्ये प्रथम चरणमा जार शाही शासन खतम गरी......को नेतृत्वमा उदारवादी शासन स्थापना भएको थियो । दोस्रो चरणमा.....को नेतृत्वमा मोन्सेविकको सरकार स्थापना भयो । तेस्रो चरणमा.....को नेतृत्वमा वोल्सेविक अथवा कम्युनिष्ट सरकारको स्थापना भयो ।**

(क) करेन्स्की, जर्ज ल्वाव्, लेनिन (ख) जर्ज ल्वाव्, लेनिन, करेन्स्की

(ग) करेन्स्की, लेनिन, जर्ज ल्वाव् (घ) जर्ज ल्वाव्, करेन्स्की, लेनिन

**(२४) वोल्सेविकको अर्थ.....र मोन्सेविकको अर्थ.....हो । वोल्सेविक विरूद्धको नेतृत्व...ले र मोन्सेविकको नेतृत्व ...ले गरेका थिए । अन्तिम जारको नाम निकोलस द्वितीय थियो ।**

(क) वहुमत, अल्पमत, लेनिन, केरेन्स्की (ख) अल्पमत, बहुमत, लेनिन, केरेन्स्की

(ग) बहुमत, अल्पमत, केरेन्स्की, लेनिन (घ) अल्पमत, बहुमत, केरेन्स्की, लेनिन

**(२५) प्रथम विश्वयुद्ध कहिले शुरू भएको थियो ?**

(क) ४ सेप्टेम्वर १९१४ (ख) २८ जुलाई १९१४ (ग) ४ अक्टोवर १९१४ (घ) ४ नोभेम्वर १९१४

**(२६) रूसी क्रान्तिका कारणहरू मध्ये सही कारण तलका मध्ये कुन हो/हुन् ?**

(क) जारको निरंकुश तथा स्वेच्छाचारी शासन हुनु (ख) रुस र जापानको युद्धमा रुसको हार

(ग) औद्योगिक क्रान्तिले रुसी क्रान्तिलाई नसघाउनु (घ)रुसमा क्रान्तिको परम्परा नै हुनु

**विकल्पहरू:** (१) क, ख, ग ठीक (२) क, ग, घ ठीक (३) सबै ठीक (४) ग बाहेक ठीक

**(२७) रूसी क्रान्तिका कारणहरू मध्ये सही कारण तलका मध्ये कुन हो/हुन् ?**

(क) केन्द्रिकृत शासन र मौलिक हकमाथि प्रतिबन्ध लगाउनु,

(ख) प्रथम विश्वयुद्धमा रुसको हार हुनु,

(ग) रुसमा देशभर अनिकाल पर्नु, (घ) रुस र जापान युद्धमा रुसको विजय हुनु,

